के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २३७ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०७९ भदौं २५ गते शनिबार ❑ 10 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

जनस्वास्थ्यको क्षेत्रमा धेरै ठूलो फड्को हान्ने सम्भावना छ : अध्यक्ष प्रचण्ड

पोखरापत्र संवाददाता

पोखरा, २४ भदौं

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जनता, राष्ट्र र सामाजिक क्षेत्रको जीवनप्रति स्वास्थ्य क्षेत्र संवेदनशील रहेको बताउनुभएको छ।

पार्टी निकट अखिल नेपाल प्रगतिशील जनस्वास्थ्यकर्मी महासङ्घको शुक्रबारदेखि पोखरामा सुरु भएको दुई दिने प्रथम राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै उहाँले विज्ञान र प्रविधिको विकाससँगै स्वास्थ्य क्षेत्रमा पनि नयाँ नयाँ प्रविधिको विकास भएकाले जनस्वास्थ्यको क्षेत्रमा धेरै ठूलो फड्को हान्ने सम्भावना प्रबल बनेको उल्लेख गर्नुभयो।उहाँलेपूँजीवादलेस्वास्थ्य क्षेत्रलाई व्यापारको विषय बनाउने र जनताको स्वास्थ्यमाथि खेलबाड गर्ने प्रवृत्ति कायमै रहेको उल्लेख गर्नुभयो। अध्यक्ष दाहालले भन्नुभयो, “समाजमा विद्यमान बढ्दो अन्तरविरोधले स्वास्थ्य क्षेत्र पनि पूँजीवाद र समाजवादको बीचको लडाइँको क्षेत्र बनिरहेको छ।” स्वास्थ्यमा भएको प्रगति, यस क्षेत्रमा भएको नयाँ नयाँ प्रयोग र आविष्कारले जनस्वास्थ्यमा गुणात्मक प्रगतिको सम्भावना रहेको पनि उहाँले औँल्याउनुभयो।

जनस्वास्थ्यकर्मी महासङ्घ तथा यससँग सम्बन्धित सबै घटक सङ्गठन जिम्मेवार बनेर जनस्वास्थ्यलाई सुलभ, सहज भरपर्दो बनाउने र जनतामा जनचेतना फैलाउने दायित्व राम्रोसँग निभाउनुपर्नेमा उहाँले जोड दिनुभयो । अध्यक्ष दाहालले भन्नुभयो, “पूँजीवादी विकृति स्वास्थ्य क्षेत्रमा नराम्रोसँग प्रवेश गरेको छ । जनताको स्वास्थ्यमाथि खेलबाड गर्ने क्रियाकलाप अहिले पनि कायमै छ। पूँजीवादी विकृतिलाई नियन्त्रण, विरोध र भण्डाफोर गर्ने दायित्य पनि प्रगतिशील सङगठनको काँधमा छ।” उहाँले दोस्रो पटक प्रधानमन्त्री हुँदा स्वास्थ्य क्षेत्रमा सुधारको निम्ति स्वास्थ्य बीमासम्बन्धी नयाँ नीति ल्याएर लागू गरे पनि चाहेअनुसार अहिले अगाडि बढ्न नसकेको बताउनुभयो । “स्वास्थ्य बीमा स्वास्थ्य क्षेत्र र जनताका लागि महत्वपूर्ण छ। यसलाई वैज्ञानिक ढङ्गले व्यवस्थापन नगरिए विकृति र विसङ्गति आउने छ, हाम्रो ध्यान त्यसमा जानु पर्दछ”, अध्यक्ष दाहालले भन्नुभयो।

उहाँले स्वास्थ्य क्षेत्रबाट जनतामा चेतना अभिवृद्धि र जागरण ल्याउन महाधिवेशनले ठोस सुझाव दिने र पार्टीसमेत त्यसबाट लाभान्वित हुने विश्वास गर्नुभयो । नयाँ संविधान निर्माणपछि शिक्षा, स्वास्थ्य र रोजगारीलाई जनताको मौलिक अधिकारका रूपमा परिभाषित गरिए पनि उपयुक्त कानून बन्न नसक्दा कार्यान्वनमा चुनौती देखिएको अध्यक्ष दाहालको भनाइ छ। महाधिवेशनमा देशैभरिबाट गरी पाँच सय प्रतिनिधि र ७५ पर्यवेक्षक गरी ५७५ जना प्रतिनिधि र पर्यवेक्षकको सहभागिता रहेको महासङ्घका अध्यक्ष डा कृष्णसागर पौडेलले जानकारी दिनुभयो । महाधिवेशनले आगामी चार वर्षका लागि नयाँ नेतृत्व चयन गर्ने बताइन्छ।

स्वास्थ्य क्षेत्रका समस्या, समाधानका उपाय, समाजवादोन्मुख स्वास्थ्य नीति, स्वास्थ्य क्षेत्रको विकास एवं स्वास्थ्यकर्मीका पेशागत अधिकारबारे महाधिवशेनमा गहन छलफल गरी कार्यान्वयनका लागि सबल र सक्षम नेतृत्व चयन गरिने अध्यक्ष पौडेलले बताउनुभयो । वसं २०६३ मा स्थापना भएको सङ्गठन विसं २०६५ मा महासङ्घमा परिर्वतन हुँदै आफ्ना कार्यक्रम अगाडि बढाइरहेको र महासङ्घमा देशभर गरी ५० हजार सङ्गठित सदस्य आबद्ध रहेको महासङ्घका नेता सागर लुइँटेलले जानकारी दिनुभयो । नेपाल सरकारको कार्यालयमा आबद्ध स्वास्थ्य स्वयंसेविकादेखि १२ तहका स्वास्थ्यकर्मीसम्म, प्राविधिक शिक्षा लिएका स्वास्थ्यकर्मीदेखि उच्चपदस्थ प्राध्यापकसम्म विभिन्न स्वास्थ्य व्यवसाय गर्ने स्वास्थ्य व्यवसायीदेखि औषधि उत्पादन गर्नेसम्म महासङ्घमा आबद्ध रहेको केन्द्रीय उपाध्यक्ष शिव केसीले जानकारी दिनुभयो। देशभर व्यक्तिगतरूपमा स्वास्थ्य पेशामार्फत जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलगायत सशस्त्र युद्धको बेला युद्धमोर्चामा सामेल स्वास्थ्यकर्मीसमेत यस महासङ्घमा आबद्ध छन्।

विपी जयन्तीको अवसरमा वीपी स्मृति पुस्तकालयको उद्घाटन

पोखरापत्र संवाददाता

पोखरा, २४ भदौं

नेपाल काँग्रेस गण्डकी प्रदेशद्वारा विपी जयन्तीको अवसरमा वीपी स्मृति पुस्तकालयको उद्घाटन भएको छ।

पोखरा-३ तेर्सापट्टीमा रहेको प्रदेश कार्यालयमा आउने अतिथिहरुलाई मध्यनजर गर्दै सुविधा सम्पन्न पुस्तकालय स्थापना गरिएको हो । शुक्रबार उद्घाटन कार्यक्रममा १०९ औं वीपी जयन्तीको अवसर पारी वीपी स्मृति पुस्तकालय र सूचना, सञ्चार तथा प्रचार-प्रसार विभाग अन्तर्गत सूचना प्रविधि कक्ष उद्घाटन तथा अक्षयकोष एवम् पुरस्कार घोषणा कार्यक्रम भएको हो। वीपी स्मृति पुस्तकालय कक्षको उद्घाटन गर्दै पूर्व उपकुलपति प्रा.डा.केदार भक्त माथेमाले नेपाली काँग्रेस गण्डकी प्रदेशले पुस्तकालय स्थापना गर्नु खुसीको कुरा रहेको जानकारी गराएका थिए। माथेमाले देश विकास गर्नको लागि जनता साक्षर हुनु आवश्यक रहेको हुँदा नेपाली काँग्रेस गण्डकी प्रदेशमा आउने जो कोहीले पनि पुस्तकालयमा बसेर समय विताउने मात्र नभई ज्ञान लिएर जाने वातावरण बनेको हुँदा हर्षित महशुस गरेको बताएका थिए । साथै, उनले ज्ञान लिनको लागि उमेरको कुनै अर्थ नरहेको हुँदा वालकदेखि बृद्धसम्मका व्यक्तिलाई शिक्षाको आवश्यक रहने, शिक्षाले नै मानिसलाई बौद्धिकता प्रद्धान गर्ने जानकारी गराएका थिए । त्यसैगरी नेपाली काग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले वीपीका सिद्धान्त भन्दै हिड्ने भएपनि पढ्ने बानी बसाल्न पुस्तकालय स्थापना गरिएको बताएका थिए। साथै काँग्रेसले भोट माग्ने काममा मात्र वीपी सिद्धान्त प्रयोग भएको तर कार्यान्यवयन नभएको हुँदा अब नेपाली काँग्रेसले त्यसलाई व्यवहारिक ज्ञानमा अगाडि बढाउनुपर्ने अवस्था आएको जानकारी गराए । उनले राष्ट्र जोगाउनको लागि प्रजातन्त्र आवश्यक रहेको उल्लेख गर्दै राष्टियता, प्रजातन्त्र र समाजवादका बारेमा उल्लेख्य जानकारी गराएका थिए। उनले प्रजातन्त्रको व्याख्या गर्दै प्रजातन्त्र नरहे सम्म देशको विकाश र स्थितरता नहुने स्पष्ट पारे । “प्रजातन्त्र नमान्नेहरु कुनैपनि समयमा विस्तापित हुने र हिजोको समयमा पनि विस्तापित हुँदै गएका छन् । हामी नेपालमा मात्रै नभई विश्वमा नै प्रजातन्त्र आवश्यक छ,” सभापति शर्माले भने । नेपाली कांग्रेस गण्डकी प्रदेशले स्थापना

बाँकी अन्तिम पृष्ठमा ▶▶

राष्ट्रिय स्वतन्त्र पार्टी वडा १३ को सभापतिमा समिउन

पोखरापत्र संवाददाता

पोखरा, २४ भदौं

राष्ट्रिय स्वतन्त्र पार्टी वडा १३ को समितिमा समिउन निशा सभापतिमा चयन भएकी छिन् ।

समितिको उपसभापतिमा कर्ण बहादुर गुरुङ, सचिवमा नरेश पौडेल चयन भएका छन् । समितिका सदस्यहरुमा क्रमश देव नेपाली, केदारनाथ वराल, सागर परियार, मदिना खातुन, रनवहादुर रासायली र रोसन विक रहेका छन् । सभापति समिउनले गत हप्ता पार्टीका सभापति रवि लामिछानेलाइ वडा नं १३ मा भएको भेलामा सम्वोधन गर्ने वातवरण मिलाएकी थिइन् । सभापति समिउन वडा नं १३ मा रहेका हरेक टोल विकास संस्थामा सक्रिय रहि समाज सेवामा लागि परेकी छिन् । वडा नं १३मा रहको जनतालाइ स्वास्थ्य उपचारमा सहयोग पुराउने उद्देश्यले स्वास्थ्य विमामा पनि अग्र पंत्तिमा देखिन्छिन सभापति समिउन ।

वडा नं १३ मा गठित समितिले जनाताको घरदैलोमा सहयोग गर्दै देशमा देखीएका व्यथितिलाइ खवरदारी गर्दै अगाडि बढ्ने स्वतन्त्र पार्टी पोखरा महानगरपालिकाका सदस्य शिव नेपालीले पोखरापत्रलाइ वताए ।

चुनावअघि माओवादी केन्द्रसँग कार्यगत एकता : सम्मानित नेता खनाल

पोखरापत्र संवाददाता

पोखरा, २४ भदौं

समाजवादी प्रेस संगठन नेपाल
पत्रकार भेटघाट कार्यक्रम

नेपाल कम्युनिष्ट पार्टी(एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले निर्वाचनअघि नेकपा(माओवादी केन्द्र)सँग पार्टी एकता सम्भव नभएको र कार्यगत एकतामात्र हुने बताउनुभएको छ।

समाजवादी प्रेस सङ्गठनले शुक्रबार साँझ पोखरामा आयोजना गरेको पत्रकार भेटघाटमा उहाँले आसन्न निर्वाचनमा दुई पार्टीको घोषणापत्रसहित चुनावी तालमेल भए पनि एकता नहुने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, “विगतको निर्वाचनमा माओवादी र एमाले साझा घोषणापत्र बनाएर चुनावमा गएका हुन्, अहिले पनि समाजवादी र माओवादी एउटै घोषणापत्र लिएर जान कुनै समस्या छैन ।” पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेता खनालले आफू सधैँ वामगठबन्धन र कम्युनिष्ट एकताका पक्षमा रहे पनि वाम घटकका नेतृत्वमा रहेका नेताहरुले एकतामा रुचि नदेखाएको जिकिर गर्नुभयो । सत्ता गठबन्धनका दलकाबीच चुनावी तालमेलको निर्णय भइसकेकाले गठबन्धन हुने निश्चित भएको र सिट बाँडफाँटमा पनि ९० प्रतिशत सहमति भएकाले ढिलोमा आगामी आइतबारसम्म टुङ्गो लाग्ने बताउनुभयो।

सम्मानित नेता खनालले आगामी निर्वाचनमा राष्ट्रियताका लागि लड्ने उम्मेदवारलाई विजयी गराउनुपर्नेमा जोड दिनुभयो।उहाँले भन्नुभयो, “देशको राष्ट्रियता, स्वतन्त्रता, स्वाभिमान र समाजवादका लागि लड्ने योद्धालाई निर्वाचनमा विजयी बनाउनु आवश्यक छ।”

गठबन्धन सरकार बिपीको सिद्धान्तअनुरुप अघि बढेको छ : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता

तनहुँ, २४ भदौं

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गठबन्धन सरकार बिपीको सिद्धान्तअनुरूप अघि बढेको बताउनुभएको छ।

नेपाली कांग्रेस जिल्ला कार्यसमिति तनहुँले आज दमौलीमा आयोजना गरेको १०९औँ बिपी जयन्ती तथा जनताका साथमा कांग्रेस अभियानको पहिलो चरणको समापन कार्यक्रममा उहाँले बिपीको मूल सिद्धान्त राष्ट्रिय एकता र मेलमिलापको नीति रहेकाले अहिलेको गठबन्धन सरकार सोहीअनुरुप चलेको स्पष्ट पार्नुभयो। बिपीले देखाएको मार्गलाई कांग्रेसले अवलम्बन गर्दै अघि बढेको छ । उहाँले भन्नुभयो, “यदि सिद्धान्तविपरीत हिँडेको भए अहिले देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र आउँदैन्थ्यो ।” बिपीले जसरी जनतालाई शक्तिशाली बनाउन लागे सोहीअनुरुप जनताको सपना साकार पार्न कांग्रेसले अहम भूमिका निर्वाह गर्दै आएको उहाँले बताउनुभयो । उहाँले देशमा सङ्कट देखापर्दा कांग्रेसले निकास र बाटो देखाउन महत्वपूर्ण भूमिका खेल्दै आएको र आउँदा दिनमा पनि अवलम्बन गर्दै अघि बढ्ने प्रण व्यक्त गर्नुभयो।



सुपथ मूल्यमा आकर्षक छपाइ
पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

'माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय तेक्वान्दो'मा १३ देशका १३ सय खेलाडी सहभागी हुने

पोखरापत्र संवाददाता

पोखरा, २४ भदौं

पर्यटकीय नगरी पोखरामा आयोजना हुने 'तेश्रो माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला तेक्वान्दो च्याम्पियनसिप २०२२' जि-२ च्याकिङ तथा 'प्रथम जिसिएस माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला पुम्से च्याम्पियनसिप-२०२२' मा १३ देशका १ हजार ३ सय जना खेलाडीहरु सहभागि हुने भएका छन्।

आगामी असोज ६ देखि ९ गते सम्म हुने ग्योरोगीतर्फ १ हजार १ जना र पुम्सेतर्फ २ सय ९८ जना खेलाडीहरुले आफ्नो नाम दर्ता गराएको गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगन बहादुर गुरुङले शुक्रबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराउनु भएको हो। दक्षिण एशियामा नै पहिलो पटक उक्त प्रतियोगिता नेपालमा आयोजना गर्न पाउनु गौरवको विषय रहेको बताउँदै उनले ग्योरोगी च्याकिङ जुनियर तथा सिनियर र पुम्से प्रतियोगिताका लागि खेलाडीहरुको दर्ता हिजो विहिबार बाटै रोकिएको अध्यक्ष गुरुङले बताए। पोखरा रंगशालामा खेलाडीहरुको लागि आवश्यक पर्ने एरिना सानो र थोरै दर्शक क्षमता भएको कारणलो गर्दा पनि दर्ता ४ दिन अघि नै स्थगित गर्न परेको उनले जनाए। अध्यक्ष गुरुङले भने- "हामीले १ हजार ५ सय खेलाडी पोखरा आउने अपेक्षा गरेका थियौं एरिनाको कारण १ हजार ३ सय जना मात्र खेलाडीहरु मात्र सहभागि गराउन बाध्य हुने भएका छौं, दर्शकहरुलाई भने निःशुल्क रुपमा हामीले पास उपलब्ध गराउने छौं।" कोभिड १९ का कारण समस्यामा रहेको पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने दाबी गर्दै उनले उक्त कार्यक्रमबाट पोखरा क्षेत्रमा करिब १५ करोड मुल्य बराबरको कारोवार हुने जनाए। उक्त प्रतियोगितामा विश्वभरीका खेलाडीहरू, निर्णायक तथा प्रशिक्षकहरु, सहभागी खेलाडीका परिवारका सदस्यहरू र तेक्वान्दो महासंघका विशिष्ट पदाधिकारीहरू सहित २ हजार भन्दा बढीको सहभागीता हुने जनाइएको छ। विश्वस्तरीय मेगा तेक्वान्दो प्रतियोगिता अवलोकन गर्न ५ हजार भन्दा बढी तेक्वान्दो प्रेमीहरु पोखरा आउने अपेक्षा गरिएको संघका केन्द्रिय महासचिव दीपराज गुरुङले बताए। यस अघि दुई पटक सफलता पूर्वक काठमाण्डौमा सम्पन्न भइसकेको उक्त प्रतियोगिता विश्व महामारीका रुपमा फैलिएको कोभिड १९ का कारण दुई वर्ष स्थगित हुन पुगेको थियो। पोखरा रंगशालास्थित वहुउद्धेश्यिय कभर्डहलमा आयोजना हुने प्रतियोगितामा सिनियर र जुनियरतर्फको प्रतिष्पर्धा हुने भएको छ। विश्व तेक्वान्दो महासंघले नेपालमा तेक्वान्दो खेलको विकासका साथै नेपाल र पोखराको खेल पर्यटन प्रवर्द्धन गर्न प्रतियोगिता स्विकृती प्रदान गरेको र उक्त मेगा तेक्वान्दो प्रतियोगिता सम्पन्न गर्न करिव रु २ करोड ५५ लाख खर्च हुने संघ गण्डकीका सचिव रमेश पौडेलले जनाए।

विपी...

गरेको करिब ३० लाख रुपैयाँको अक्षयकोषमा प्रदेश सभापति शुक्रराज शर्माले २५ हजार नगद हस्तान्तरण गर्दै पुरस्कारको थालनी गरेका छन् भने वीपी संग्राहलयका संस्थापक अध्यक्ष परशुराम पोखरेलले १ लाख सहयोग गर्ने बचनबद्धता व्यक्त गरेका थिए। उक्त अक्षयकोषबाट गण्डकी प्रदेशका ११ जिल्लाका ११ जना उत्कृष्ट व्यक्तिलाई प्रत्येक वर्ष नगद २५ हजार र दोसल्ला सहित सम्मान गर्ने लक्ष्य लिएको गण्डकी प्रदेशका प्रवत्ता माधव प्रसाद बाँस्तोला (मधु)ले जानकारी गराए।

उक्त कार्यक्रममा उपसभापति मेखलाल श्रेष्ठ, महामन्त्रीद्वय किरणबाबु श्रेष्ठ, विष्णु लामिछाने, कास्की जिल्ला सभापति किशोर बराल, पूर्व सभापति कृष्ण केसी, वीपी संग्राहलयका संस्थापक अध्यक्ष परशुराम पोखरेल, नेता देवराज चालिसे, प्राध्यापक डा. कुशुमाकर न्यौपाने लगायतले शुभकामना मन्तव्य राखेको थिए।

Embassy of India
Pension Paying Office
Rambazar, Pokhara (Nepal)

INVITING BIDS FOR WHITE WASH, ENAMEL & WEATHER COAT PAINTING AT EOI, PPO, POKHARA

1. Sealed tender documents/ quotations are invited directly from reputed bidders for white wash, enamel & weather coat painting at EOI, PPO Pokhara (Nepal).
2. The last date of receipt of offer in sealed envelope is on or before 19 Sep. 2022 up to 1030 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in . The bid documents can be collected from Embassy of India, Pension Paying Office, Rambazar, Pokhara (Nepal). Tele No 061-431240/061-432804/061-432805.
3. Bidders may visit the site before submitting the bid.

Officer-in-Charge
Embassy of India
Pension Paying Office
Rambazar, Pokhara (Nepal)

पोखरा थिएटरको गन्धर्व नाटकघरमा 'सुनकेशरी' मञ्चन सुरु

पोखरापत्र संवाददाता

पोखरा, २४ भदौं

पोखरा थिएटरको गन्धर्व नाटकघरमा शुक्रबारबाट नाटक 'सुनकेशरी' मञ्चन सुरु भएको छ। कर्णाली प्रदेशको प्रचलित लोक कथामा आधारित यो नाटक संस्कृतिविद् सत्यमोहन जोशीले लेखेका हुन्। मण्डला थिएटर नेपालद्धारा सञ्चालित थिएटर ल्याब दशौं व्याचका प्रशिक्षार्थीहरुको प्रस्तुतीमा तयार भएको नाटक असोज १ गतेसम्म मञ्चन हुनेछ। हरेक दिन साँझ ५ बजे र शनिबार अतिरिक्त सो दिउँसो १ बजे मञ्चन हुने पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिए।

नाटकमा प्रीतिसा अधिकारी, कृष्ण चौधरी, परिक्षा लिम्बु, खगेन्द्र साउद, रिता सैंजु, सुवास गिरी, मिलन कार्की, सुजिता सिवाकोटी, बलबहादुर राई, सञ्जिबजंग क्षेत्री, आर्य सुमन खड्का, रोशन लोहोरुङ राई, सुनील राई, उज्ववल राई, विवेक कट्वाल, नोर्देन ख्यूङ्वा लामा, रक्षा पाण्डे, अनुज्ञा रेग्मी, सविन गिरी, सलिना खत्री, किसम विर विक्रम थापा, अभिषेक राई, सुनील खड्का र रोसन अधिकारीको अभिनय हेर्न पाइन्छ। नाटकलाई आकर्षक बनाउन उनीहरुले गरेको मेहनत तारिफयोग्य छ।प्रत्यक्ष संगीतमा अंकित खड्का, सागर खाती, मिलन कार्की, सुदीप खतिवडा र विक्रम श्रेष्ठले साथ दिएका छन्। यो नाटकको परिकल्पना तथा निर्देशन राजन खतिवडाले गरेका हुन्।सुनकेशरी कर्णाली प्रदेशको प्रचलित लोक कथामा आधारित नाटक हो। एक युवतिले आफ्नो सुन्दरताको कारण भोग्नुपरेका तितामिठा संघर्ष तथा अनुभवहरुको कथालाई नाटकमा बुनिएको छ। यो कथा लेखक जोशीले २०२७ सालमा कर्णालीमा सम्पन्न भएको लोक संस्कृति सर्वेक्षणको क्रममा कथा वस्तुको संकलन गरेका हुन्। जनजिब्रोमा जीवन्त भइरहेको कथालाई जोशीले नाटकीय रुप दिएका हुन्।

पोखरा थिएटरको आयोजनामा पोखरामा मण्डला थिएटर नेपालले नाटक मञ्चन गरेको हो। नाटक मञ्चनमा गण्डकी प्रज्ञा प्रतिष्ठान, पोखरा प्रज्ञा प्रतिष्ठान र पोखरा महानगरपालिका वडा नं. ४ लगायतको सहकार्य रहेको छ। पहिलो सो हेर्न गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का बिखर्ची र पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल समेत थिएटर पुगेका थिए। यो नाटक १० वर्ष अगाडि मण्डला थिएटरले राजन खतिवडाकै निर्देशनमा मञ्चन गरेको थियो। नेपालका अलावा भारत र बंगलादेशमा समेत यो नाटक मञ्चन भइसकेको छ।

यो नाटक आगामी कार्तिक १८ गतेदेखि मंसिर ४ गतेसम्म मण्डला नाटकघर काठमाण्डौमा समेत मञ्चन हुनेछ।

एमाले स्याङ्जामा सांसदका लागि झण्डै ८ दर्जन आकांक्षी

श्रीकृष्ण सिग्देल

स्याङजा, २४ भदौं

नेकपा एमाले स्याङ्जाले आसन्न संघीय तथा प्रादेशिक निर्वाचनका लागि ९२ जना सिफारिस भएका छन्।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र गण्डकी प्रदेशसभा निर्वाचनका लागि स्याङ्जामा बसेको क्षेत्रगत बैठकबाट सिफारिस भएर आएका आकांक्षी उम्मेदवारलाई गण्डकी प्रदेश समितिमा सिफारिस पठाएको एमाले जिल्ला अध्यक्ष सूर्यप्रसाद गैह्रे (पारस) ले जानकारी दिए। अध्यक्ष गैह्रेका अनुसार, स्याङ्जाको २ निर्वाचन र ४ प्रदेशसभाका लागि प्रत्यक्षतर्फ ४२ जना र समानुपातिकतर्फ ५० जना आकांक्षी छन्। प्रतिनिधिसभा क्षेत्र नं. १ मा नारायणप्रसाद मरासीनी, मिनप्रसाद गुरुङ र प्रा.डा. गणेशमान गुरुङको नाम छ। मरासीनी प्रतिनिधिसभाका बहालवाला सांसद र गुरुङ् प्रदेशसभा सांसद हुन। प्रा.डा. गुरुङ केन्द्रीय सल्लाहकार हुन्। यसैगरी, समानुपातिकतर्फ सीता सुन्दास, ध्रुव अधिकारी, इस्लाम मिया र गुणाखर सापकोटा रहेका छन्। क्षेत्र नं. २ तर्फ पदमा अर्यालको मात्र नाम सिफारिस भएको छ। यसअघि किशोर बिक्रम मल्ल र मोहन रेग्मीले पनि नाम दर्ता गराएका थिए। मल्ल केन्द्रीय सदस्य हुन् भने रेग्मी प्रदेश सांसद हुन्। अर्याल पूर्वमन्त्री र नेकपा एमालेका सचिव हुन्।

समानुपातिकतर्फ चक्रबहादुर पराजुली, मुक्तिप्रसाद पाठक र कुलबहादुर विकको नाम छ। प्रतिनिधिसभा १ को प्रदेशसभा (क) मा प्रत्यक्षतर्फ १४ जना र समानुपातिकमा ६ जना छन्। प्रत्यक्षतर्फ दिपक लम्साल, चुनप्रसाद शर्मा, मनोरथ शर्मा, खिमानन्द सिग्देल, सन्तोष केसी, बिष्णुबहादुर चन्द, तारापती शर्मा, झनमाया पराजुली, दुर्गादत्त भुषाल, डिलकुमार भुजेल, प्रकाश थापा, यादवराज शर्मा, सगुन राना र रामचन्द्र रेग्मी हुन्। प्रदेश (ख) तर्फको प्रत्यक्षमा सुधिरकुमार पौडेल, यज्ञप्रसाद पौडेल, ई. ओम शर्मा, अर्जुनकुमार सुनाम, पुष्पराज बराल, अनन्तकुमार श्रेष्ठ, मोतीप्रसाद पौडेल, कमला मरासीनी, मनोज खड्का, अन्जनी सापकोटा र कृष्णबहादुर केसीगरी ११ जना आकांक्षी छन्। समानुपातिकतर्फ पनि १० जनाले इच्छा प्रकट गरेका छन्।

प्रतिनिधिसभा २ को प्रदेशसभा (क) मा प्रत्यक्षतर्फ ९ जना र समानुपातिकतर्फ १६ जनाको नाम सिफारिस गरिएको छ। प्रत्यक्षतर्फ मोहन रेग्मी, उदय श्रेष्ठ, ऋषिराम कडेल, पुण्यप्रसाद अर्याल, छवीलाल भुषाल, आनन्द पाठक, शोभाकान्त पौडेल, दामोदर तिवारी र गिरप्रसाद गुरुङ् छन्। प्रदेश (ख) को प्रत्यक्षतर्फ किशोरबिक्रम मल्ल, शोभियत ढकाल, बुद्धिमान श्रेष्ठ र टंक पाण्डेगरी ४ जना र समानुपातिकमा ११ जनाको नाम शिफारिस गरिएको नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला कार्य समिति स्याङजाले जनाएको छ।

अरण्यज्योतिको निवन्धमा भद्रकालीकी सविना प्रथम

पोखरापत्र संवाददाता

पोखरा, २४ भदौं

पन्ध्रौं पुस्तकालयको दिवसमा पोखरा महानगरपालिका वडा नं १३ स्थित अरण्यज्योति पुस्तकालयले नेपाली निवन्ध प्रतियोगिता आयोजना गरेको थियो।

पुस्तकालय दिवसको अवसरमा गरिएको प्रतियोगितामा भद्रकाली माविमा अध्ययनरत सविना श्रीपाली प्रथम, भद्रकाली माविकै उमेश गुरङ द्धित्तिय, चिल्ड्रेन एकेडेमीका रिती बस्याल तृत्तिय र बाल मन्दिर स्कुलका एलिजा गिरी सान्त्वना भएकी छन्।

पुरस्कृत भएका विद्यार्थीहरुलाइ आर्को कार्यक्रमममा प्रदान गरिने अरण्यज्योति पुस्तकालयका अध्यक्ष यदुराज पगेनीले पोखरापत्रलाइ वताए। विस. २००९ सालमा स्थापित पुस्तकालयले हरेक वर्ष पुस्तकालय दिवसमा अतिरिक्त क्रियाकलाप गर्दै आएको छ।

निबन्ध प्रितियोगिताको तीनवटा शिर्षकमध्ये एक शिर्षक 'पुस्तकालय हिजो, आज र भोलि' विषयमा प्रतियोगिता भएको थियो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सहकारीले एकाधिकार तोड्नु पर्छः मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, २४ भदौं

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले ठुला ठुला व्यापारी तथा घरानीयाहरुले एकाधिकार जमाउदै आएको परिपार्टीलाई अब सहकारीले तोड्नु पर्ने बताउनु भएको छ।

पोखरा १७ बिरौटामा रहेको निलगिरी बचत तथा ऋण सहकारी संस्थाको तेइसौं बार्षिक साधारण सभाको शुक्रबार उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो । उहाँले भन्नु भयो “सहकारीकर्मीहरुले बुझ्ने कुरा के छ भने सहकारीहरुले बैंकसंग प्रतिष्प्रर्धा गर्ने होइन, आर्थिक आधार र सोच मिल्नेहरुको सहकार्य गर्ने संस्था सहकारी हो यसको मर्म र भावना अनुसार चल्नु पर्छ ।” केही व्यक्तिहरु अझै पनि दुई वा दुई भन्दा बढी सहकारीमा आबद्ध हुने र धेरै शेयर खरिद गरी सहकारीको पूंजि आफुखुसि संचालन गर्ने गरेकोले सहकारीमा समेत अब तरलता हुन सक्ने चिन्ता व्यक्त गर्नु भयो। मन्त्री

बरालले पैसाले बस्तु उत्पादन गर्नुपर्ने बताउदै पैसाले पैसा किन्ने सिस्टमको अन्त्य गर्नुपर्ने बताउनु भयो । उहाँले आत्मनिर्भर हुनको निम्ति बस्तु उत्पादन गर्नुपर्ने बताउनु भयो । सहकारी राज्यको एउटा विकास आधार भएको बताउदै मन्त्री बरालले सहकारीहरुले नियमसंगत ढंगले कम्तिमा पनि ३० प्रतिशत उत्पादन क्षेत्रमा लगानी गर्न सुझाव दिनु भयो । राज्यको सानो पूंजिलाई अधिकतम प्रयोग गरी प्रथामिकताको आधारमा विकास गर्नुपर्ने मन्त्री बरालले उल्लेख गर्नू भयो । कार्यक्रममा पोखरा १७ का वडा अध्यक्ष राधिका शाही योगीले यस सहकारीले सहकारीको सिद्धान्त अनुसार छरियर रहेको पूंजि संकलन गरी आर्थिक उपार्जन तर्फ केन्द्रित रहेको बताउनु भयो । पोखरा ७ का वडा अध्यक्ष एवं सहकारीका शेयर सदस्य राममोहन आचार्यले यस संस्थाले अन्य सहकारी भन्दा फरक ढंगले अघि बढेको बताउनु भयो । जिल्ला सहकारी संघका उपाध्यक्ष छविलाल लामिछाने कृषि सहकारीहरुलाई सवलीकरण गदै उत्पादन गर्न तर्फ केन्द्रित हुनुपर्ने बताउनु भयो। कृषि पर्यटन सहकारीका अध्यक्ष डिल्लीराम बरालले सहकारीहरुमा अब सूचना केन्द्र स्थापना गर्न आवश्यक भएको बताउनु भयो । संस्थाका अध्यक्ष लेखनाथ बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा संस्थापक अध्यक्ष ज्ञानेन्द्रराज पौडेल, सल्लाहकार राम प्रसाद श्रेष्ठ, सम्मानित हुने हरुबाट डा.रामजी प्रसाद पोखरेल, गुप्तेश्वर गुरुकुल वेद बिद्या आश्रमका प्राचार्य विजयराज आचार्य, उपाध्यक्ष गंगाधर पौडेल, सचिब तिर्थराज आचार्य लगायतले वोल्नु भएको थियो। उक्त अवसरमा अधिकतम् बचतकर्ताबाट परिधि आचार्य, रुक्मिनी बराल, डिल्लीराम पराजुली, पिताम्बर अधिकारी, श्यामप्रसाद भुषाल, ज्येष्ठ शेयर सदस्यबाट दुर्गा प्रसाद पौडेल, उत्कृष्ट कर्मचारीमा सरला अधिकारी ढकाल लगायतका सम्मानित हुनु भएको छ।

९ सय १३ जना शेयर सदस्य रहेको सहकारीको चुक्ता पूंजि ११ करोड ८४ लाख ६१ हजार ६ सय रहेको छ। त्यसै गरी उक्त सहकारीले आर्थिक बर्ष २०७८/०७९ मा ८२ करोड ४२ लाख ८६ हजार ८ सय ७७ रुपैया कर्जा लगानी गरेको छ। ९ जनालाई रोजगार दिएको उक्त सहकारीले ४६ लाख ९७ हजार १ सय ५२ रुपैया नेपाल सरकारलाई राजश्व समेत दिएको सहकारीले दाबी गरेको छ।

नदीपुरमा क्लबस्तरीय भलिबल जारी

पोखरापत्र संवाददाता
पोखरा, २४ भदौं

पोखरा भलिबल प्रशिक्षण केन्द्रको आयोजनामा पोखरा महानगरपालिका ३ नदीपुरमा जारी क्लबस्तरीय महिला भलिबलको अन्तिम चारमा अर्चलबोट क्लब, लामाचौर पुन समाज, हैदागा तनहुं र एसियन सुज प्रवेश गरको छ।

छन्त्याल समाजको खेल मैदानमा आज (शुक्रबार) भएको खेलमा अर्चलबोटले ठाडाखानीलाई २५-१२ र २५-१३ को सोझो सेटमा पराजित गरेको मुख्य रेफ्री राम पुनले जानकारी दिए । उनका अुनसार अर्को खेलमा एसियन सुजले गुरुकुल स्कुललाई २५-४ र २५-१० को सोझो सेटमा हराउँदै अन्तिम चारमा स्थान सुरक्षित गर्यौ । शान्ता भलिबल प्रशिक्षण केन्द्रको अनुपस्थितिमा हैदागा तनहुँ वाकओभरमार्फत जीत्दै सेमिफाइनलको यात्रा तय गर्यो ।

शनिबार पहिलो सेमिफाइनल खेल हैदागा तनहुं र एसियन सुजबीच हुनेछ भने अर्को सेमिफाइनल खेल अर्चलबोट र लामाचौबीच हुने कार्यक्रम संयोजक मजोज खड्काले बताए।

उनका अनुसार आज भएको पुरुषतर्फको पहिलो खेलमा माछापुच्छ्रै गाउँपालिकालाई जिएम समाज कावासोतीले २५-१३ र २५-१६ को सोझो सेटमा पराजित गर्यो । त्यसैगरि अर्को खेलमा सशत्र प्रहरी बल मालेपाटनले आयोजक निलोलाई २८-२६ र २५ १८ को सोझो सेटमा हरायो । अन्तिम खेलमा छन्त्याल युवा क्लबलाई गलकोट क्लबले २८-२६, र २५-१५ र २५-१५ को सेटमा हराउँदै अघिल्लो चरणमा प्रवेश गरेको क्लबका सचिव नवीन छन्त्यालले बताए । उनका अुनसार शनिबार महिला तर्फको सेमिफाइनल खेल र पुरुष तर्फका २ प्रिक्वाटरखेलसँगै सेमिफाइनल खेल सञ्चालन गरिनेछ । महिला तथा पुरुषको फाइनल खेल आइतबार सम्पन्न गरिने आयोजकले जनाएको छ।

राम्दीमा पक्की पुल बनाउन प्रक्रिया थालियो

पोखरापत्र संवाददाता
वालिङ, २४ भदौं

गण्डकी र लुम्बिनी प्रदेशको सङ्गमस्थल राम्दीस्थित कालीगण्डकी नदीमाथि पक्की पुल बनाउने प्रक्रिया थालिएको छ।

सुनौली-पोखरा जोड्ने सिद्धार्थ राजमार्गअन्तर्गत स्याङ्जा र पाल्पाको सीमामा हाल रहेको पुल जीर्ण भएपछि नयाँ पुल बनाइने भएको हो। विसं २०२८ मा भारतले निर्माण गरिदिएको ‘स्टिल ट्रस’ पुल जीर्ण हुँदै जाँदा ठूला भारवहन क्षमताका सवारीसाधन आवतजावतमा रोक लगाई नयाँ पुल निर्माणका लागि ठेक्का सम्झौता भएको हो । हाल सञ्चालनमा रहेको ९३ मिटर लामो पुलभन्दा पाँच-सात मिटर तल अर्को पुल बनाउने गरी सडक विभाग पुल महाशाखाले सर्भे सम्पन्न गरिसकेको छ । ठेक्का प्रक्रिया अगाडि बढिसकेको पुल विभाग पुल सेक्टर पोखराका आयोजना प्रमुख एवं सिनियर डिभिजनल इञ्जीनियर नवराज बाँस्तोलाले जानकारी दिनुभयो । बोलपत्र आह्वान गरी २०७९ असार ३० गते हिम सगरमाथा कन्स्ट्रक्सनसँग पुल निर्माणका लागि सम्झौता भएको हो । “सम्झौता भएको मितिले तीन वर्षभित्र निर्माण सम्पन्न गरिसक्नुपर्छ”, उहाँले भन्नुभयो, “कुल रु २७ करोड ७१ लाखको लागतमा निर्माण सक्ने गरी सम्झौता भएको छ ।” पुल एक सय आठ मिटर लम्बाइ र ११ मिटर चौडाइको हुने छ। पुलको दायाँबायाँ झण्डै डेढ मिटरको फुटपाथ रहने छ । उक्त पुलको ४० टनसम्मको भारवहन क्षमता रहने छ। सम्झौता भएको मितिले नौ महिनाभित्र अर्थात् आगामी चैत मसान्तसम्म डिजाइन स्वीकृत गरिसक्नुपर्ने छ । निर्माणस्थलको माटो परीक्षण गरिसकिएको छ भने चैत मसान्तभित्र नै निजी जग्गामा बनेका घर-टहरा खाली गरी क्षतिपूर्ति दिइने उहाँले बताउनुभयो । उक्त पुल जीर्ण र पुरानो भएकाले चार-पाँच वर्षदेखि अधिकतम १० टन भारवहन क्षमताका सवारीसाधनलाई मात्रै सामान ढुवानी गर्न दिइएको छ।

तनहुँका आलेलाई ‘युथ एग्री अवार्ड’

पोखरापत्र संवाददाता
तनहुँ, २४ भदौं

तनहुँको भीमाद नगरपालिका-९ पाथार्दीका बाख्रापालक किसान शिव आले ‘युथ एग्री अवार्ड-२०२२’ बाट पुरस्कृत हुनुभएको छ।

साना किसान लघुवित्त वित्तीय संस्था र इजरायल राजदूतवासद्वारा बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा उहाँलाई रु एक लाखसहित पुरस्कृत गरिएको हो । ‘सिक र कमाउ’ कार्यक्रमको १० औं वार्षिकोत्सवका अवसरमा कृषि तथा पशुपक्षी मन्त्री मृगेन्द्रकुमार सिंह यादवले आलेलाई पुरस्कृत गर्नुभएको हो। विसं २०६८ देखि उन्नत बोयर जातका बाख्रापालन व्यवसाय गर्दै आउनुभएका आलेलाई जिल्लाका विभिन्न सङ्घसंस्थाले पनि यसअघि सम्मान तथा पुरस्कृत गरिसेकेका छन् । साना किसानमार्फत अध्ययनका लागि इजरायल पुगेका किसानमध्येबाट आवेदन गरिएकामा नेपालभरिबाट तीन सय जनाले आवेदन दिएका थिए।

उक्त आवेदन दिएकामध्ये २१ जना छनोट भएका थिए । अन्तिममा सात प्रदेशबाट एक-एक जनालाई पुरस्कृत गरिएको आलेले जानकारी दिनुभयो। गण्डकी प्रदेशबाट आले मात्रै पुरस्कृत हुनुभएको हो । भीमादको पाथार्दीमा बोर बाख्रापालनका लागि स्रोत केन्द्र स्थापना गरिएको छ। उक्त गाउँका ६० परिवार बाख्रापालन व्यवसायमा आवद्ध छन् । आलेको फार्ममा हाल ५० माउसहित एक सय हाराहारीमा बाख्रा छन् । उहाँले गत वर्ष मात्रै रु २४ लाखको बाख्रा बिक्री गरेको बताउनुभयो।

वीपी जयन्तीमा हेमजामा दिप प्रज्वलन

पोखरापत्र संवाददाता
पोखरा, २४ भदौं

१०९ औं वीपी जयन्ती र ‘जनताको साथमा काँग्रेस’ अभियान अन्तर्गत शुक्रबार दिप प्रज्वलन गरिएको छ।

नेपाली काँग्रेस कास्की प्रदेश सभा क्षेत्रीय कार्यसमिति क्षेत्र नं ३(क)ले पोखरा २५ हेमजास्थित पार्टी कार्यालयमा दिप प्रज्वलन कार्यक्रम गरेको हो। कार्यक्रममा नेपाली काँग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले प्रजातन्त्रलाई बल पुग्ने गरी काम गर्न आग्रह गर्नुभयो । उहाँले कम्यूनिष्ट सच्चा प्रजातन्त्रवादी नभएकाले भर पर्न नहुने उल्लेख गर्नुभयो। सभापति शर्माले जनताका आवश्यकतालाई सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । नेपाली काँग्रेस महासमिति सदस्य रामचन्द्र त्रिपाठीले वीपीका मूल्य र

मान्यता आज पनि समाजका लागि आवश्यक रहेको बताउनुभयो । नेपाली काँग्रेस कास्कीका सहसचिव एवं प्रदेश सभा ३(क) का प्रतिनिधि नवीन सिग्देलले पार्टीभित्र न्याय र योगदानमा आधारित सम्मान आवश्यक रहेको बताउनुभयो।

माछापूच्छ्रे गाउँपालिकाकी उपप्रमुख सीता अधिकारीले पार्टीलाई मजबुद बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

नेपाली काँग्रेस कास्की प्रदेश सभा क्षेत्रीय कार्यसमिति क्षेत्र नं ३(क) का सभापति पुष्पेन्द्र पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा उपसभापति दिलीप गिरीले स्वागत र सचिव प्रकाशचन्द्र सापकोटाले संचालन गर्नुभएको थियो।

भारतलाई हराउँदै नेपाल सेमिफाइनलमा

रासस
काठमाडौं, २४ भदौं

श्रीलङ्कामा भएको पुरुष साफ यु-१७ च्यापियनसिप फुटबलमा नेपाल भारतलाई पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ।

श्रीलङ्काको कोलम्बोस्थित रेस कोर्स मैदानमा आज भएको खेलमा नेपालले भारतलाई ३-१ गोलअन्तरले पराजित गर्दै सेमिफाइनलमा पुगेको हो । जीतसँगै नेपाल समूह बी को विजेता बन्यो भने भारत पनि उपविजेताका रुपमा सेमिफाइनलमा पुग्यो।

समूह बी मा नै रहेको भूटान भने अङ्कविहीन बन्दै प्रतियोगिताबाट बाहिरिएको छ। यसअघि भारतले पनि भूटानलाई पराजित गरेको थियो। नेपालको जीतमा सरोज दर्लामी, उनेश बूढाथोकी र सुवास बमले समान १/१ गोल गरे। खेलमा सुरुआती अग्रता भने भारतले लिएको थियो। खेलको २५औं मिनेटमा भारतका ड्यानी मेइटीले गोल गर्दै भारतलाई पहिलो अग्रता दिलाएका थिए। भारतको १-० गोलको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको ४५ औं मिनेटमा नेपालका सरोजले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए। पहिलो हापसम्म १-१ गोलको बरबरीमा खेलेको नेपालले खेलको दोस्रो हाफमा दुई गोल थप्यो । खेलको ४९ औं मिनेटमा उनेशले गोल गर्दै नेपाललाई दोस्रो अग्रता दिलाए। यसैगरी खेलको ६८ औं मिनेटमा नेपालका अर्का खेलाडी सुवासले एक गर्दै नेपाललाई ३-१ गोलको जीत दिलाए । यस जीतसँगै नेपालले शीर्ष ६ अङ्क जोडेको छ । नेपालले पहिलो खेलमा भूटानलाई २-१ गोलअन्तरले पराजित गरेको थियो । प्रतियोगितमा नेपालसहित भारत, भूटान, माल्दिभ्स, श्रीलङ्का र बङ्गलादेश गरी छ राष्ट्र सहभागी छन्।

तपाईको आज

मेष : सम्मान मिल्नेछ
वृष : अप्रत्यसित लाभ
मिथुन : आर्थिक समस्या
कर्कट : मानसिक तनाब
सिंह : शारीरिक झमेला
कन्या : ब्यापारमा लाभ
तुला : शत्रुको भय
वृश्चिक : झमेला बड्ने
धनु : कार्यमा सफलता
मकर : मन चञ्चल
कुम्भ : सहयोग मिल्नेछ
मीन : सत्कार मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

पसल बिक्रीमा

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः विक्रीमा छ ।

सम्पर्कः
९८२७१९९५८६
९८१९१७११७८

नेशनल प्याब्सन कास्कीको पठनसिप तथा श्रुतिलेखन प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २४ भदौं

नेशनल प्याब्सन कास्कीको आयोजनामा शुक्रबार अन्तर विद्यालय स्तरीय पठनसिप तथा श्रुतिलेखन प्रतियोगिता सम्पन्न भएको छ।

नेशनल प्याब्सन कास्कीको सभाहलमा राखिएको प्रतियोगितामा पोखरा ३३ को मर्निङ्ग ग्लोरी एकेडेमी विद्यालयकी शिवानी भण्डारीले प्रथम स्थान हाँसिल गरिन् । प्रतियोगितामा पोखरा १ को अञ्जुली बोर्डिङ्गकी दृश्या पौडेले द्धितीय स्थान तथा पोखरा २६ को अल्फा एकेडेमी विद्यालयकी प्रशंसा शर्माले तृतीय स्थान हाँसिल गरे। प्रतियोगितामा पोखरा ३२ को शाान्ति बाटिका स्कूलकी सचिता सुवेदीले चौथो स्थान हाँसिल गरेकी थिइन् भने लाभिन रेजिडेन्टलकी कृतिका सेन्चुरी र बर्डस एकेडेमीकी शुष्मा खत्री उत्कृष्ट छ मा परेका थिए।

नेशनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बोल्दै शिक्षा विकास तथा समन्वय इकाई पोखरा का प्रमुख

नारायणप्रसाद सुवेदीले भाषाका सिपको विकासका लागि यस्ता प्रतियोगिता सहयोगी हुने धारणा राख्दै एन प्याब्सन कास्कीलाई यस्ता कार्यक्रमहरु भावी दिनमा पनि निरन्तर गर्न आग्रह गरे । पठनसँस्कृतिको विकासमा उनले विशेष जोड दिएका थिए।

प्रतियोगिताका संयोजक राजु कायस्थले सहभागीलाई स्वागत गर्दै कार्यक्रममाथि प्रकाश पारेका थिए । संस्थाले यसअघि नै शिक्षकहरूका लागि अभिमुखिकरण सम्पन्न गरेको थियो। अभिमुखिकरणमा सञ्जीव पौडेलले सहजीकरण गरेका थिए। प्रतियोगिता संयोजन समितिका सदस्य विष्णुहरि पौडेलले सञ्चालन गरेको कार्यक्रममा नेशनल प्याब्सन कास्कीका अतिरिक्त कृयाकलाप प्रमुख राजु केसीले धन्यवाद ज्ञापन गरे । प्रतियोगितामा नेशनल प्याब्सन कास्की अन्तरगत रहेका ३३ विद्यालयको सहभागीहरुको सहभागिता रहेको थियो। समय निर्धारण चरण , श्रुतिलेखन चरण, कविता वाचन चरण, लेख्य चिन्हअनुसारको पठन, विधागत पठन चरण र समाचार वाचन चरण गरी प्रतियोगितालाई विभिन्न सात चरणमा सञ्चालन गरिएको थियो।

प्रतियोगितामा संस्कृत क्याम्पस पोखराका क्याम्पस प्रमुख डाक्टर जगन्नाथ रेग्मी, कन्या क्याम्पस पोखराका प्राध्यापक डाक्टर भुमिराज बस्ताकोटी र पोखरेली युवा साँस्कृतिक परिवारका पूर्व अध्यक्ष जीवन सागर भण्डारी निर्णायक रहेका थिए।

नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि.को बार्षिक साधारण सभा

पोखरापत्र संवाददाता

पोखरा, २४ भदौं

पोखरा महानगरपालिका वडा नं ८ वगालेटोलमा रहेको नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि.को २० औ बार्षिक साधारणसभा सम्पन्न भएको छ।

बार्षिक साधारणसभा उद्घाटन गर्दै जिल्ला सहकारी संघ कास्की का अध्यक्ष सवित्रा कोइरालाले सरकारले आ.व २०७९/८० को वजेट मार्फत वढाएको सहकारी क्षेत्रको कर पुनरावलोकन भएकोमा खुसी व्यक्त गर्दै सहकारीमार्फत राष्ट्रिय लक्ष्य पुरा गर्न सकिने धारण राख्नुभयो।

संस्थाका अध्यक्ष कल्पना श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा राष्ट्रिय सहकारी वैक लि काडमाडौं शाखा प्रमुख केदारनाथ उप्रेती, राष्ट्रिय सहकारी वैक लि पोखरा शाखा प्रमुख नरेश पण्डे, कानुनी सल्लाहाकार अधिवक्ता दुर्गप्रसाद प्रसाद कोइराला, सल्लाहकार कमल विक्रम कार्की, सिद्धार्थ क्लवका अध्यक्ष तिर्थ श्रेष्ठ, निवर्तमान अध्यक्ष पार्वती माकाजु, संस्थापक अध्यक्ष शान्त श्रेष्ठ लगायतले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा राष्ट्रिय सहकारी बैंक पोखरा शाखा प्रमुख नरेश पाण्डेले वर्षैदेखि समस्यामा रहेका सहकारी देखाएर वर्तमान सहकारीहरु समस्यामा छन भनि प्रचार भैरहेको छ भन्दै यस्त भ्रामक प्रचारवाट विचल्लित नहुन आग्रह गर्नुभयो। कार्यक्रममा सिएमसि कास्कीका अध्यक्ष अपिल कोइराला, शुभ सिद्धार्थ बचत तथा ऋण सहकारीका अध्यक्ष अनिल श्रेष्ठ, सिद्धार्थ क्लवका अध्यक्ष प्रमोद नारायण श्रेष्ठ, सृजना महिला बचत तथा ऋण सहकारीका उपाध्यक्ष सिता गिरी, संस्थाका कानुनी सल्लाहकार अधिवक्ता दुर्गा प्रसाद कोइरालाले आ-आफ्नो भनाई राख्नुभएको थियो।

अध्यक्षको आसनवाट वोल्दै अध्यक्ष भवानी माकाजुले सहारीका सिद्धान्त, मुल्य, मान्यता साथै सहकारी विभागका निर्देशनप्रति प्रतिवद्ध हुदै पारदर्शि रुपमा संस्था संचालनमा रहेकोले संस्थाका शेयर सदस्यको विश्वास र मायाँ प्रति आभार व्यक्त गर्नुभयो। यस वर्ष संस्थाको वासलात ४० प्रतिशतले बृद्धि गरी १७ करोड ८९ लाख ३५ हजार एक सय उन्नव्वे रहेको र आगामी वर्ष १९ लाख ७७ लाख ९२ हजार आठ सय एक पुऱ्याउने लक्ष्य प्रस्तुत गर्नभयो।

सोही क्रममा संस्थाका सर्बोत्कृष्ट बचत सम्मानवाट सिता भट्टराई र धन कुमारी मल्ल, असल कारेवारी वाट संगित श्रेष्ठ र अस्मिता अधिकारी, उत्कृष्ट वाल वचतकर्ता सम्मानवाट शिक्षा पाठक सम्मानित हुनुभयो। त्यस्तै जेष्ठ सदस्य सम्मानवाट दश जना सदस्यहरुलाई र वर्ष कर्मचारी सम्मानवाट संस्थाका सह व्यवस्थापक नम्रता श्रेष्ठ सम्मानित हुनुभएको थियो। संस्थाका उपाध्यक्ष इन्दिरा श्रेष्ठले स्वागत मन्तव्य राखेको कार्यक्रममा शिक्षा उपसमिति संयोजक मिरा पराजुलीले सहकारीका सात सिद्धान्त र सचिव कुस्मा राणाले कार्यक्रम संचालन गर्नुभएको थियो।

फिस्टेलका विद्यार्थी वृद्धाश्रममा

पोखरापत्र संवाददाता

पोखरा, २४ भदौं

पोखरा-१७ तल्लो विर टैटामा अवस्थित फिस्टेल एकेडेमीका विद्यार्थीहरु पोखरा-१७, सीतापाइला स्थित पोखरा वृद्धाश्रम पुगेका छन्।

भदौ २२ गते बुधबार विद्यालयमा निमावि तहमा अध्ययनरत विद्यार्थीहरु सहयोग सामग्रीसहित त्यहाँ पुगेका हुन्।

४० जना वृद्धवृद्धा आश्रित वृद्धाश्रममा विद्यार्थीहरुले फलफूल र खाजा सामग्री सहयोग गरेका थिए। विद्यार्थीहरुलाई समाजप्रति उत्तरदायी बनाउन र मानवताको भावना विकास गराउन आश्रमको अवलोकनसँगै सहयोग सामग्री लिएर पुगेको विद्यालयका मिडल स्कुल संयोजक कमल लामिछानेले बताए।

विद्यार्थीहरुले फलफूल, खाजा प्रदान गर्दै त्यहाँ रहेका वृद्धवृद्धाहरुसँग भलाकुसारी गरेका थिए। वृद्धवृद्धाहरुले असल मान्छे बनेर देशको सेवामा लाग्नू भन्दै आशीर्वाद मात्र दिएनन् राष्ट्रको सीमा मिचिएको वर्तमान अवस्थाप्रति चिन्ता समेत प्रकट गरे। वृद्धाश्रमको अवलोकनपछि त्यहाँको अवस्था र वृद्धवृद्धाहरुसँगको कुराकानीले आफूलाई भावुक बनाएको कक्षा ८ मा अध्ययनरत विद्यार्थी विश्वास रानाभाटले बताए। डा. महाविर पुनको सक्रियतामा स्थापित राष्ट्रिय आविष्कार केन्द्रलाई रु एक लाख सहयोग गरेको विद्यालयले विभिन्न सामाजिक र समसामयिक गतिविधिमा सक्रिय रुपमा सहभागिता जनाउँदै आएको छ।

प्रदेश खेलकुद परिषद गण्डकीमा ९ जना सल्लाहकार मनोनयन

पोखरापत्र संवाददाता

पोखरा, २४ भदौं

प्रदेश खेलकुद परिषद गण्डकीले ९ जनालाई सल्लाहकारमा मनोनयन गरेको छ।

प्रदेश खेलकुद विकास नियमावली २०७८ को नियम ३(ज) बमोजिम उनीहरुलाई मनोनयन गरिएको परिषदले जनाएको छ। गत भदौ ८ गते यूवा तथा खेलकुद मन्त्री तथा परिषदका अध्यक्ष समेत रहेका राजिव गुरुङको अध्यक्षतमा सम्पन्न वोर्ड बैठकले उनीहरुलाई मनोनयन गरेको परिषदका सदस्य सचिव तेज बहादुर गुरुङले जनाएका छन्। परिषदको सल्लाहकारमा मनोनयन हुनेहरुमा खड्ग बहादुर रानाभाट (कास्की), गणेश बहादुर भट्टराई (कास्की), देवेन्द्र शेरचन (कास्की), इन्द्र बहादुर गुरुङ (गोरखा), सम्पन्न श्रेष्ठ (बागलुङ), महेश गुरुङ (कास्की), सुनिल गुरुङ (कास्की), दिनेश श्रेष्ठ (कास्की) र ओम बस्नेत (कास्की) रहेका छन्। मनोनयनमा पर्ने रानाभाट राखेपका पूर्व वोर्ड सदस्य हुन भने भट्टराई बक्सिङका पूर्व अन्तर्राष्ट्रिय खेलाडी संगै पर्यटन व्यवसायी समेत हुन्। त्यसै गरी शेरचन नेपाल लोकतन्त्रिक खेलकुद संघका केन्द्रिय अध्यक्ष हुन्। मनोनयनमा परेका गोरखाका गुरुङ मेटिभेटर संगै नेपाल ओलम्पिक कमिटी साइकोलोजी कमिसनका संयोजक हुन्। बागलुङका श्रेष्ठले यस अघि पश्चिमाञ्चल क्षेत्रिय खेलकुदको अध्यक्ष संगै राखेपको वोर्ड सदस्य समेत रहेर नेतृत्व गरिसकेका छन् भने कास्कीका गुरुङ क्षेत्रिय खेलकुदको पूर्व उपाध्यक्ष हुन्।

वालिङमा सहकारी व्यवस्थापन कार्यशाला गोष्ठि

पोखरापत्र संवाददाता

स्याङजा, २४ भदौं

सहकारी संचालनलाई व्यवस्थीत बनाउन नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय संघ (नेफ्स्कुन) ले प्राविधिक सहयोग गर्दै आएको छ। नेफ्स्कुन सगँ आवद्ध भएका सहकारीहरुलाई संघले प्राविधिक सहयोग गर्दै आएको हो।

संघले गण्डकी प्रदेशभित्रका सहकारीहरुलाई सहकारीले गर्नुपर्ने न्युनतम मापदण्डका बिषयमा र पालना गर्नुपर्ने नियमका बिषयमा कार्याशाला गोष्ठि मार्फत प्राविधिक सहजीकरण गर्दै आएको छ। यसैक्रममा ८ औं कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला वालिङमा सम्पन्न भएको छ। वालिङमा आयोजना गरिएको कार्यशालाको ऋद्धिसिद्धि बचत तथा ऋण सहकारीको आयोजना गरेको थियो।

नेफस्कुनको प्राविधिक सहयोगमा भएको ८ औ कार्यशाला तथा सिकाई व्यवस्थापन कार्यशालाको उद्घाटन गर्दै संघका गण्डकी प्रदेशका उपसंचालक सदस्य विद्या श्रेष्ठले तालिमको भरपुर उपयोग गर्न सहभागीलाई आग्रह गरे। पछिल्लो समय सहकारीहरु धमाधम स्थापना गर्ने क्रमबढ्दो रहेको र यसको व्यवस्थापनमा कठिनाई आउदा अन्य सहकारीहरुलाई समेत धक्का पर्ने भएकाले सहकारीको सिद्धान्तलाई पालना गर्नुपर्ने बेला आएको श्रेष्ठको भनाई थियो। उद्घाटन कार्यक्रममा ऋद्धिसिद्धि बचत तथा ऋण सहकारीका सल्लाहकार ध्रुवशर्मा पंगेनी, नेपाल पत्रकार महासंघका अध्यक्ष श्रीकृष्ण सिग्देल लगायतका बक्ताहरुले सहकारीहरु नाफामुखी भन्दा पनि सेवामुखी तर्फ लाग्नुपर्ने बताएका थिए। ऋद्धिसिद्धि बचत सहकारी अध्यक्ष मुक्तिप्रसाद पाण्डेको सभापत्विमा सम्पन्न कार्यक्रमको स्वागत उपाध्यक्ष नेत्रप्रसाद पाण्डे, संचालन सचिव हुमनाथ अर्यालले गरेका थिए। कार्यशालाको सहजिकरण नेफ्स्कुन गण्डकी प्रदेशका कर्मचारी सुर्यप्रसाद तिमिल्सिनाले गरेका थिए। उक्त कार्यशालामा गण्डकी प्रदेशका ७ ओटा सहकारीहरुका व्यवस्थापक, कर्मचारी र संचालकहरुको सहभागिता रहेको थियो। पौष ८ गते संचालन हुने ९ औं कार्यशाला पोखरा स्थित रिठ्ठेपानी साकोसले आयोजना गर्नेगरी सकिएको छ।

महिला साफ च्याम्पियनसिपमा

भुटानको ऐतिहासिक जीत

रासस

काठमाडौं, २४ भदौं

भुटानले श्रीलङ्कालाई पराजित गर्दै महिला साफ च्याम्पिपयनसिपमा ऐतिहासिक सफलता हासिल गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशाला मैदानमा शुक्रबार भएको समूह चरणको खेलमा भुटानले श्रीलङ्कालाई ५-० गोलअन्तरले पराजित गर्दै ऐतिहासिक जीत हात पारेको हो। महिला साफ च्यापियनसिपमा भुटानको यो पहिलो जीत हो। भुटानले यसअघि खेलको महिला साफ च्याम्पियनसिपमा कुनै पनि खेलमा जीत हात पार्न सकेको थिएन।

सन् २०१० मा बङ्गलादेशमा भएको पहिलो संस्करणको साफ च्याम्पियनसिमा भुटानले श्रीलङ्कासँग १-१ गोलको बराबरी खेलको थियो, त्यो नै भुटानको उत्कृष्ट नतिजा रहेको थियो।

भुटानको जीतमा डेखी लाजोमले दुई गोल गरिन् भने न्याम्गेल डेमा, छिरिङ लादेन र छिरिङ याङ्देनले १/१ गोल गरे। यसजीतसँगै शीर्ष तीन अङ्क जोडेको भुटानको सेमिफाइन प्रवेशको सम्भावना बलियो बनेको छ। यसअघि भुटान नेपालसँग ०-४ गोलअन्तरले पराजित भएको थियो। श्रीलङ्काले भने हारबाट प्रतियोगिताको उद्घाटन गऱ्यो। अब श्रीलङ्काले समूह चरणको खेलमा नेपालसँग भिड्नेछ। उक्त खेल यही भदौ २७ गते हुनेछ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भोलि दुई खेल हुनेछ। पहिलो खेल दिउँसो १ बजे पाकिस्तान र बङ्गलादेशबीच हुनेछ भने दोस्रो खेल माल्दिभ्सले भारतको सामना गर्नेछ। उक्त खेल साझ ५:३० बजे हुनेछ।

एकै वडाबाट वार्षिक रु चार करोडको दूध बिक्री

पोखरापत्र संवाददाता

म्याग्दी, २४ भदौं

म्याग्दीको बेनी नगरपालिकाको एउटै वडाबाट वार्षिक रु चार करोड मूल्य बराबरको दूध निकासी हुन थालेको छ।

बेनी नगरपालिका-४ को सिङ्गा, बास्कुना, सुर्केमेला, राक्से, ठूलोखोला, स्वाँत, थामडाडा र तातोपानीका कृषकले दैनिक एक हजार लिटर दूध बेच्छन्। वडाध्यक्ष अणबहादुर खड्काका अनुसार तीन वटा सहकारी संस्था र एक जना कृषकले बेनीमा दूध निर्यात गर्दै आएका छन्। "सहकारीले कृषकले उत्पादन गरेको दूध सङ्कलन गरेर बजार लैजाने गरेका छन्", उहाँले भन्नुभयो, "यो वडाबाट मात्रै दैनिक एक हजार लिटर दूध निकासी हुन्छ।" बास्कुना कृषि सहकारी संस्थाले बास्कुना र थामडाँडाबाट दैनिक दुई ६० लिटर, सिङ्गाको शुभकामना दुग्ध सहकारीले दैनिक दुई सय ६० लिटर र सिमलचौर विउविजन तथा कृषि सहकारी संस्थाले मङ्गलाका कृषकसहित चार सय ५० लिटर दूध बेनीमा ल्याउने गरेका छन्। सिङ्गाका कृषक कोपीपाल पौडेलले व्यक्तिगतरूपमा दैनिक ४० लिटर दूध बिक्री गर्नुहुन्छ। वडाभर करिब सय बढी कृषकले गाईभैंसी पालन गरेर दूध उत्पादन गरेका छन्। बास्कुना कृषि सहकारीले बेनीमा आफ्नै बिक्री कक्ष सञ्चालन गरेको अध्यक्ष तिलक गुरुङले बताउनुभयो। "बास्कुनालाई फलफूल र दूधमा नमुना (एफएम फ्रुट-मिलक) भिलेज बनाउने अभियानमा छौं", उहाँले भन्नुभयो, "गाईभैंसी पालनबाट कृषकको जीवनस्तरमा परिवर्तन आएको छ।" उपभोक्ताको घरमै पुऱ्याँउदा प्रतिलिटर रु एक सय २० र डेरीलाई प्रतिलिटर रु एक सय १० का दरले दूध बिक्री हुने गरेको कृषक कोपीपाल पौडेलले बताउनुभयो। "वार्षिक करिब रु १७ लाख आम्दानी हुन्छ। खर्च कटाएर रु छ/सात लाख बच्छ", उहाँले भन्नुभयो, "पशुपालनबाट छोराछोरीको पढाइसँगै घरव्यवहार चलाउन सहज भएको छ।" कृषकले घरबाट सङ्कलन केन्द्रमा ल्याउने दूध गाडीमा राखेर बेनी पठाउने गर्छन्। सडक यातायातको सुविधासँगै सिङ्गाका कृषकले दूध उत्पादनका लागि व्यावसायिक गाईभैंसी पाल्न थालेका थिए। विदेशबाट फर्किएका र युवाले पनि गाईभैंसीपालन गरेका छन्।

भेटेरीनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका प्रमुख जीवनप्रसाद आचार्यले सिङ्गा, अर्थुङ्गे र बरङ्जा क्षेत्रका कृषकले दूध उत्पादन गर्न थालेपछि आयात घटेको बताउनुभयो। नयाँ फार्म स्थापना, स्तरोन्नति, गोठ सूधार, सङ्कलन केन्द्र स्थापना, दूध ढुवानी गर्ने क्यान आदीमा केन्द्रले सघाएको छ।

गत आर्थिक वर्षमा रु १८ लाख बजेट विनियोजन भएको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममार्फत दोभान, बास्कुना र सिमलचौर कृषि सहकारीमा आबद्ध सय कृषकले प्रतिलिटर रु २.५० का दरले रु १५ लाख ९० हजार अनुदान पाएका थिए।

पोखरा-१५ उपशाखाको वक्तृत्वकला प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता

पोखरा, २४ भदौं

नेपाल रेडक्रस सोसाइटी पोखरा -१५ उपशाखाको अन्तर मा.वि स्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ।

नेपाल रेडक्रस दिवस एवं विश्व प्राथमिक उपचार दिवसको अवसर पारेर पोखरा -१५ उपशाखाले 'विपदमा रेडक्रसको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको हो। कार्यक्रमलाई उद्धाटन गर्दै पोखरा -१५ का वडाध्यक्ष तोरण बहादुर बानियाँले पोखरा-१५ उपशाखाले वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्न लागेकोमा खुसी लागेको बताउँदै नेपालका धेरै विपदहरुमा सहयोगी भूमिका निभाउँदै आइरहेको नेपाल रेडक्रस सोसाइटी अन्तर्गतको पोखरा -१५ उपशाखाले पनि राम्रो कार्यकुशलताको प्रदर्शन र हरेक क्षेत्रमा आइपरेका विपदमा आफ्नो उपस्थिति जनाएर एउटा छुट्टै पहिचान बनाउन सकेकोमा बधाई तथा शुभकामना दिए।

उनले वडा नं -१५ ले पनि विपदहरु आइपर्लान्, समस्याहरू आइपर्लान् भनेर विपद्लाई न्यूनीकरण गर्नका लागि विभिन्न तालिम र कार्यक्रमहरू ल्याउन लागेको बताउँदै अप्ठेरो अवस्थामा आर्थिक स्रोत जुटाउन समस्या हुनसक्ने भन्दै वडा नं -१५ ले वडा स्तरीय ' विपद् व्यवस्थापन' कार्यक्रम अन्तर्गत १६ लाख रुपैयाँ बजेट छुट्टाएको बताए।

कार्यक्रमका विशेष अतिथि नेपाल रेडक्रस सोसाइटी कास्कीका उपसभापति तथा वक्तृत्वकला प्रतियोगिताका निर्णायक दण्डराज शर्माले वडा नं -१५ को माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको प्रतिभा मापन गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको बताए। उनले रेडक्रस भन्नु नै विपद्को साथी रहेको भन्दै कास्कीका ४८ उपशाखा मध्ये पोखरा -१५ उपशाखा उत्कृष्ट र क्रियाशील शाखा रहेको बताए।

स्वागत मन्तव्य राख्दै १५ नं वडाकी पूर्व सदस्य तथा न्यायिक समिति सदस्य पार्वती कार्कीले रेडक्रसले विपद्का बेला पुराउँदै आएको महत्त्वपूर्ण भूमिकाबारे चर्चा गर्दै कार्यक्रमको सफलताको शुभकामना व्यक्त गरिन्। यस्तै नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका सदस्य तथा जुनियर युवा संयोजक विष्णु भण्डारीले आज प्रतियोगितामा बोलेका कुराहरूलाई व्यवहारमा अनुसरण गर्न प्रतियोगीहरूलाई आग्रह गरे।

प्रतियोगिताको निर्णायकमा नेपाल रेडक्रस सोसाइटी कास्कीका उपसभापति दण्डराज शर्मा, कालिका बहुमुखी क्याम्पसकी नेपाली विषयकी शिक्षिका माया कुँवर र सूर्य मोहन ढकाल रहेका थिए। 'विपदमा रेडक्रसको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगितामा गोल्डेन फ्युचर बोर्डिङ स्कुलकी छात्रा महिमा विश्वकर्मा प्रथम, छात्र साकार बराल द्वितीय र हार्वड एकेडेमीकी छात्रा सगुन सुनामी तृतीय भएका छन्। त्यस्तै रेन्वो एकेडेमीकी छात्रा शुभेच्छा शाहीले सान्त्वना स्थान प्राप्त गरेकी छन्।

प्रथम, द्धितिय, तृतीय र सान्त्वनाले क्रमशः नगद रु. १० हजार, ७ हजार, ५ हजार, २ हजार सम्मान पत्र र ट्रली प्राप्त गरेका छन्। सिद्ध मा.वि फलेपाटनमा आयोजित उक्त प्रतियोगितामा वडाका १० सँस्थागत तथा एउटा सामुदायिक विद्यालयका २३ जना विद्यार्थीले सहभागीता जनाएका थिए। नेपाल रेडक्रस उपशाखा पोखरा -१५ का अध्यक्ष कमल प्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव शिव भण्डारीले गरेका थिए भने सोसाइटी उपशाखा -१५ का कोषाध्यक्ष खेम बहादुर थापाले कार्यक्रमको व्यवस्थापन तथा विजयी प्रतियोगीलाई धन्यवाद ज्ञापन गरेका थिए।